बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

☎ ०११-६२०४६१
Email : chautarahospital@bagamati.gov.np
Email : chautarahospital@gmail.com

# चौतारा अस्पताल

सिन्धुपाल्चोक, नेपाल

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
चौतारा अस्पताल
सिन्धुपाल्चोक, नेपाल

दरखास्त फारम

पत्र संख्या : ०८२/०८३
चलानी नं. : ८५८

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१८ गते**

बागमती प्रदेश सरकार ,स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, चौतारा अस्पताल सिन्धुपाल्चोकको लागि स्वीकृत स्थायी दरवन्दीहरूमा लोकसेवा आयोगबाट पदपूर्तिको लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई/सरूवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वत : नरहने गरी देहाय वमोजिमका पदमा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा उपस्थित भई राजश्व रसिद सहित चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची-२ (दफा ७ उपदफा (१) संग सम्बन्धित) दरखास्त फारम भरि अस्पताल प्रशासनमा आवेदन दिनुहुन सम्वन्धीत सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघि आएको र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

*तपशिल*

| विज्ञापन नं. | पद | तह | सेवा | समूह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १/०८२/०८३ | क. अब्स्ट्रेटिसियन तथा गाइनेकोलोजिष्ट | नवौं | स्वास्थ्य | अब्स.गाईने | १ | स्वास्थ्य सेवा ऐन २०५३ तथा स्वास्थ्य सेवा नियमावली २०५५ ले निर्धारण गरे वमोजिम |
| २/०८२/०८३ | क. पेडीयाट्रेसियन | नवौं | स्वास्थ्य | पेडियाट्रीक्स | १ | |
| ३/०८२/०८३ | क. जनरल सर्जन | नवौं | स्वास्थ्य | सर्जरी | १ | |
| ४/०८२/०८३ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज.हे.स. | ३ | |
| ५/०८२/०८३ | स्टाफ नर्स | पाँचौ | स्वास्थ्य | जनरल नर्सिङ | १ | |

**१. योग्यता र अनुभवः**

- नेपाली नागरिक,
- उम्मेदवारको उमेरको हद : सहायक तहको हकको लागि १८ वर्ष उमेर पुरा भएको र अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।
- सम्बन्धित काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र)
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको,

**२. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरूः** नेपाली नागरीकताको प्रतिलिपि, योग्यता तथा कार्य अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, काउन्सिल दर्ता कायम रहेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, तालिमंको प्रमाणपत्र प्रतिलिपि (कम्तिमा आफ्नो विषय सम्बन्धी १५ दिन भन्दा बढिको तालिमको पत्र)

**३. दरखास्त दाखिला गर्नु पर्ने अन्तिम मितिः** २०८३/०३/०१ गते कार्यालय समय सम्म । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट ।

**४ दरखास्त दाखिला गर्नुपर्ने स्थानः** चौतारा अस्पतालको प्रशासन शाखा (चिकित्सक तथा स्वास्थ्यकमी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को अनुसुचि-२ वमोजिमको दरखास्त फारम भरी पेश गर्नु पर्नेछ ।)

**५. दरखास्त दस्तुरः** अधिकृतस्तर (नवौ) को परीक्षा दस्तुर रू. २,०००l- अधिकृतस्तर (आठौं) को परीक्षा दस्तुर रू.१,२००l- र सहायकस्तरको परीक्षा दस्तुर रू. ७००l- यस कार्यालयको कार्यालय कोड नं. ३७००१२७०१३ राजश्व शिर्षक नं. १४२२४ प्रदेश लेखा नियन्त्रकं इकाई कार्यालय सिन्धुपाल्चोक खाता नं. २७२०२०००००१००१००००००१ जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

**६. सम्पर्क मितिः** २०८३/०३/०२ गते, (परीक्षा मिति, समय र स्थान पछि तोकिनेछ ।

**७. छनौटको किसिमः** शैक्षिक योग्यता, अन्तरवार्ता, कार्य अनुभव, तालिम र आवश्यकता अनुसार प्रयोगात्मक परिक्षा ।

**८. सेवा सुविधाः** नेपाल सरकारले तोकिए प्रचलित नियमानुसार ।

**९. सेवा अवधिः** आ.व. २०८२/८३ को लागि । साथै त्यस पश्चात दरवन्दी रिक्त तथा कार्यक्रम निरन्तरता भई बजेट सुनिश्चता भएमा का.स.मु.को आधार करार म्याद थप गरिनेछ ।

**द्रस्टव्य :-**

- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा तोकिए वमोजिमको शैक्षिक योग्यता हासिल गरेको ।
- अदालतवाट कसुरदार नठहरिएको र प्रचलित कानुनद्धारा अयोग्य नभएको ।
- दरखास्त फारम : माथि उल्लेखित क्युआर स्क्यान गरी वा अस्पतालको वेवसाइट chautarahospital.gov.np वाट डाउनलोड गरी वा अस्पताल प्रशासन शाखावाट प्राप्त गर्न सकिनेछ ।
- थप जानकारीको लागि ०११६२०४६१, ९८५११७३०४६, ९८५१३२६१५३ मा सम्पर्क गर्न सकिने छ ।
- अन्यः सूचनामा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

मेडिकल सुपरिटेन्डेन्ट

डा. विवेक भण्डारी
मेडिकल सुपरिटेन्डेन्ट